# महालक्ष्मी विकास बैंक लिमिटेडको
# जग्गा/भवन खरिद गर्ने बारेको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/३१ गते

यस बैंकलाई केन्द्रीय कार्यालयको लागि तपसिल बमोजिमको जग्गा/भवन खरिद गर्न आवश्यक भएकाले जग्गा/भवन बिक्री गर्न ईच्छुक व्यक्ति/संघ संस्थाहरुलाई तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही बिक्री प्रस्ताव पेश गर्नु हुन अनुरोध गर्दछौं ।

**खरिद गर्न चाहेको जग्गा/भवनको बिवरण :-**

| जिल्ला | स्थान | क्षेत्रफल तथा बाटोको विवरण |
|---|---|---|
| काठमाण्डौं | दरवारमार्ग, कमलादी, कमलपोखरी, ज्ञानेश्वर, गैह्रीधारा, नारायणचौर, नक्शाल, नागपोखरी, बिशालनगर, लाजिम्पाट, पानीपोखरी, वालुवाटार, महाराजगंज (चक्रपथ भित्र) । | कम्तिमा ६ मिटर चौंडा बाटो सहित कम्तिमा ५० फिट मोहडा भएको ३० आना वा सो भन्दा बढी क्षेत्रफलको जग्गा वा बैंकको केन्द्रीय कार्यालय सञ्चालन गर्न उपयुक्त भवन (कम्तिमा ३५००० बर्ग फिट क्षेत्रफल, २५ वटा साना चारपाङ्ग्रे र ७५ वटा दुई पाङ्ग्रे सवारी साधन अट्ने पार्किङ सहित) । |

**शर्त तथा बन्देजहरु :**

१) बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल बोलपत्र फारम बैंकबाट लिई सोहि बमोजिम पेश गरिएको हुनु पर्नेछ । प्रतिलिपी वा फोटोकपीमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभाग, थापाथलीबाट रु. १,०००/ (एक हजार मात्र) फिर्ता नहुने गरि यस बैंकको खाता नं. ९९९–२०४०१०१०२०१ मा जम्मा गरिएको सक्कल भौचर पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको बैंकिङ्ग कारोबार समय सम्म खरिद गर्न सकिनेछ ।

२) भवनको सम्बन्धमा भवनको नक्सा, सम्बन्धित निकायबाट निर्माण सम्पन्न पत्र र भुकम्प प्रतिरोधी हुनु पर्नेछ ।

३) शिलबन्दी प्रस्तावका साथ बिक्री गरिने भवन/जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, संघ संस्था, फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा सञ्चालक समितिको निर्णय सहित बिक्री मूल्य समेत अंक र अक्षरमा स्पष्ट खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ ।

४) जग्गा/भवनमा जाने बाटो पेटी बाहेक कम्तीमा ६ मिटरको हुनु पर्नेछ र उक्त बाटो फिल्ड तथा नापी नक्सामा समेत स्पष्ट हुनुपर्नेछ । साथै उक्त जग्गामा कुनै पनि किसिमको कानूनी तथा ब्यवहारिक समस्या नभएको हुनु पर्नेछ ।

५) जग्गाधनी दर्ता प्रमाण पूर्जामा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नाप जाँच गर्दा एकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोही क्षेत्रफल कायम गरिनेछ ।

६) बिक्री गरिने जग्गा/भवनको चालु आर्थिक वर्ष सम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नु पर्नेछ ।

७) रीत पूर्वक पेश हुन आएका प्रस्ताव मध्ये बैंकलाई उपयुक्त लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गा/भवन धनीलाई सम्पर्क गरिनेछ भने उपयुक्त नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन ।

८) यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालय, थापाथली स्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०८३/०४/१३ गते**

**खोलिने मिति : २०८३/०४/१४ गते दिनको ३ बजे ।**

**खोलिने स्थान : बैंकको केन्द्रीय कार्यालय, थापाथली, काठमाडौं ।**


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

**सामान्य प्रशासन विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, EXT ४०३/४०४

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com